# Invitation for Bids

**रामधुनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**झुम्का, सुनसरी**

प्रथम पटक प्रकाशित मिति २०७५/१०/२७

यस कार्यालयको तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराई□मधेश समृद्धि कार्यक्रम केन्द्रिय इकाइ नयाा बानेश्वर, काठमाडौंको साझेदारी कार्यक्रम अन्तर्गत आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम शिलबन्दी बोलपत्रको माध्यमबाट कार्य गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगद बुझाई नगदी रसीद वा NIC Asia झुम्का शाखाको खाता नं. 8941498058524001 मा जम्मा गरेको सक्कलै **भौचर साथ निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रका र आ.ब.२०७४/०७५ कर चुक्ताको प्रमाणपत्रको प्रमाणित** प्रतिलिपिहरू संलग्न राखी यस कार्यालय, झुम्का,सुनसरी तथा website: www.ramdhunimun.gov.np बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र सम्म खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र फारमहरू उल्लेख भएका सवै विवरण रितपूर्वक भरि बोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरि कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिउसोको १२.०० वजे सम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

३. दर्ता भएका बोलपत्र सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन खोलिनेछ ।

५. सिलबन्दी बोलपत्र फारमसाथ जमानत बापत तपमिलमा तोकिएको NIC Asia झुम्का शाखा ८९४१४९८०५८५२४००५ मा रकम जम्मा गरि सक्कल बैंक भौचर वा नेपाल सरकारबाट बिड बण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त क वर्गको बैंकहरूबाट बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद रहेको जमानी पत्र (Bid bond) पेश गर्नु पर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर वाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । वोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठांउमा बोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

७. शिलबन्दी बोलपत्रका अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनैबेला सच्याउन बाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी सवै बोलपत्र कुनै कुरा जनाई वा नजनाई पुरा वा अंशिक रूपमा स्वीकृति गर्ने, नगर्ने वा सूचना नै रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन ।

९. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा स्थानिय सरकार सञ्चालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा नियमावली २०६४ (संशोधन सहित) एवम् अन्य प्रचलित ऐन नियम तथा तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

१०. यो सूचना रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको **website:** www.ramdhunimun.gov.np मा समेत राखिएको छ र www.bolpatra.gov.np वाट Online टेन्डर भर्न सकिनेछ।

११. बोलपत्र स्वीकृत भएपछि फरफरमेन्स बण्ड बापत बोलपत्र दाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुदा नं.५ मा उल्लेखित खातामा नगद जम्मा गरेको सक्कल बैक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतमा कार्य सम्पन्न गर्नु पर्ने अवधि भन्दा कम्तीमा १३ महिना बढीको म्याद राखि जारी गरेको बैंक जमानी पत्र पेश गर्नुपर्ने छ ।

१२. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ । बोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

१३. कुनै एउटा फर्मबाट खरिद गरिएको बोलपत्र अर्को फर्मबाट दाखिला गर्न पाइने छैन ।

१४. ठेक्का नं. रामधुनी ७।०७५।०७६ तराई□मधेश समृद्धि कार्यक्रम भएकोले तराई□मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम भुक्तानी हुनेछ ।

तपसिल

| सि.न. सि.न. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (भ्याट र कन्टिनजेन्सी बाहेक) | वेलपत्र जमानत रकम | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्न सकिने अबधि |
|---|---|---|---|---|---|---|
| १. | Ramdhuni/ 07/075/076 | सामुहिक आवास निर्माण, रामधुनी न.पा.-०९ भित्रका तोकिएका विभिन्न स्थानहरुमा । | रू.७५,००,१९०।०१ | १,८८,०००।०० | ३०००।०० | |

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका